# नेकपा(एकीकृत समाजवादी) पार्टीको तेस्रो स्थापना दिवस
## ९ भाद्र, २०८०

**– झलनाथ खनाल**

- आज हाम्रो पार्टी स्थापना भएको २ वर्ष पुगेर तेस्रो वर्ष लाग्दैछ, सबैलाई लाल सलाम !!
- हामी विगत २ वर्षमा पार्टीको वैचारिक र संगठनात्मक जीवनमा अनेकौ उतार–चढाव, संकुचन र विस्तार, प्रगति र अधोगतिका श्रृखलाहरु पार गर्दै आउने क्रममा महत्वपुर्ण संकारात्मक र नकारात्मक अनुभवहरु प्राप्त भएका छन । तिनै अनुभवहरु माथि उभिएर हामी आज पार्टी स्थापनाको यो तेस्रो दिवसमा आई पुगेका छौ ।
- यस वीचमा निम्न घटनाहरु घटेका छन :

- प्रतिगमन बिरोधी संघर्षलाई सफलतापुर्बक सम्पन्न गरेका छौँ ।
- संबिधान र संसद दुबैको रक्षा गर्न सकेका छौँ ।
- स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ ।
- राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भएको छ ।
- प्रतिनीधि सभाको निर्वाचन सम्पन्न भएको छ ।

**अब हामी बिगतका अनुभबहरुको संमिक्षा गर्दैं नँया धरातलबाट अघि बढ्न सक्ने अबस्थामा आईपुगेका छौँ ।**

(१) विचार विना क्रान्ति हुदैन

- क्रान्तिकारी सिद्धान्त विना क्रान्ति हुदैन
- सहि वैचारिक-राजनीतिक कार्यदिशा बिना पार्टी र क्रान्ति दुवै अघि बढ्दैन ।

(२) कम्युनिष्ट पार्टीको विचार, नीति, ,सिद्धान्त बनाउने ठाउँ भनेको राष्ट्रिय महाअधिवेसन हो ।

– अव हामी माघ १४-१८, २०८० मा दशौ राष्ट्रिय महाअधिवेसन गर्नेछौ । यसले पार्टीको इतिहासमा दुरगामी महत्व राख्नेछ ।

– अब पार्टीलाई हर प्रकारले क्रान्तिकारी कार्यदिशामा खडा गर्दै आउने महाअधिवेसनलाई एकता, प्रगति र संबृद्धिको महाधिवेसन बनाउन हामी सबै लाग्नुपर्छ ।

(३) पछिल्लो अवधिमा आएर हाम्रो पार्टीमा अलिक गंभिर चितंन मनन र बहस छलफलको प्रकृया शुरु भएको छ

– सचिवालयको बैठक
– स्थायी समितिको बैठक
– पोलिटव्युरोको बैठक
– सिसिको छैटौ बैठकमा व्यापक छलफल भएका छन ।
- ती छलफल र बहसहरुले हामी भित्रै बहस र छलफलका अनेकौ विषय र सवालहरु सतरमा आएका छन
- ती कुराहरु हाम्रो पार्टीका कार्यदिशा, नीति र सिद्धान्तसंग सम्बन्धित छन
- ती कुराहरु नेपाली विशेषताको समाजवादका बारेमा छन
- ती कुराहरु पार्टीको कार्यनीतिक कार्यदिशा, रणनीति र कार्यनीतिसंग सम्बन्धित छन
- ती कुराहरु पार्टी र क्रान्तिका शत्रु र मित्रहरुका बारेमा सम्बन्धित छन
- ती कुराहरु नेपाली समाजको प्रमुख र गौण अन्तविरोधका पक्षमा छन
- ती कुराहरु पार्टीका कार्यशैली र कार्यपद्धतिका बारेमा पनि छन ।

४. विगत २ वर्ष हामीले काम चलाउ पार्टी बनाएका थियौ, पार्टी तदर्थ किसिमको थियो । हामी तदर्थवादलाई अन्त्य गर्दैछौ, विदा दिदै छौ र पार्टीलाई एउटा व्यवस्थित, विधिसंगत र संस्थागत पार्टीका रुपमा विकास गर्ने दिशा तर्फ अब उन्मुख भएका छौ । महाधिवेसनले हाम्रो  पार्टीलाई एउटा नयाँ, व्यवस्थित र संस्थागत चरणमा उठाउने छ ।

५. सिसिको छैटौ बेठकले पार्टीलाई जवजको धङधङीबाट मुक्त भएर समाजवादको बाटोमा अघि  बढ्न निर्देशन गरेको छ ।

६. हामीले पार्टीका सबै स्तरका कमिटिहरुलाई सकृय र गतिशील बनाउनु पर्छ,

७. अब नेता कार्यकर्तासंग र कार्यकर्ता जनतासंगको नीतिलाई अभ्यासमा ल्याउनु पर्छ

८. अब वालुवाटार र सिंहदरबारबाट होइन, गाउँ वस्ती, कारखाना खेत, खलियान र श्रमिकहरुका वस्तिहरुबाट कम्युनिष्ट पार्टी बन्छ र बनाउनु पर्छ ।

९. पार्टी बलियो नभई केहि पनि हुन सक्तैन, आज पार्टी भित्र निरासा, हतासा, निष्कृयता र पलायनका जुन प्रवृतिहरु देखा परेका छन, तिनीहरुलाई चिर्ने अचुक हतियार भनेको सहि क्रान्तिकारी वैचारिक–राजनीतिक कार्यदिशाको विकास र कार्यान्वयन हो ।

१०. जब पार्टी वैचारिक–संगठनात्मक रुपले बलियो बन्दै जान्छ, पार्टीका वरिपरि दर्जनौ बर्गीय संगठनहरु विकसित हुन्छन । सहि कार्य दिशाको कारणले तिनीहरु पनि बलिया बन्दै जान्छन । तिनीहरुको आकार र विस्तार बढ्दै जान्छ । यहि हो वर्गीय संयुक्त मोर्चा ।

११. त्यसका निम्ति युवा र विद्यार्थीहरुका संगठनलाई हर प्रकारले सुदृढ र गतिशील बनाउनपर्छ । तिनीहरुलाई पार्टीको सामान्य कार्यदिशा अनुरुप संचालन गर्नुपर्छ, उनीहरुलाई स्वायत्तता दिनुपर्छ र आफ्नो खुट्टामा उभिएर अघि बढ्न सक्ने बनाउनुपर्छ । गुटवन्दी पुर्ण नियतले यस्ता संगठनहरुलाई गिजोल्ने काम गर्नु हुदैन

१२. पार्टीका कार्यशैली र कार्य पद्धतिमा व्यापक सुधारको आवश्यकता छ । “हामीले एमाले छोड्यौ तर एमालेको गलत कार्यशैली छोड्न सकेनौ” यो सिसि को आवाज हो ।

- ओहदावाद
- पदलोलुप्ता
- सुविधावाद
- नातावाद
- कृपावाद
- गणेश प्रवृति
- गलत आचारणहरु
- आफु जिम्मेवारी कुरा नगर्ने अरुको बारेमा टिका टिप्पनी गर्दै हिड्ने
- वर्ग चिन्ने वर्ग विश्लेषण पनि गर्न तर वर्ग घृणा लिन नसक्ने

- कतिपय सवालमा वहस विवाद देखियो भने थरथर हुन थाली हाल्ने, पार्टी फुटिहाल्छ भनि ठान्ने
- गलत कुरालाई वैचारिक रुपले खण्डन गर्न नसक्ने र गाली गलौज तिर  लाग्ने

१३ वैदेशिक रोजगारीमा जाने अनियन्त्रित प्रवाहले देशका सामु गंभीर खतराहरु बढ्दै छन

- मुलुक कृषि आधारितबाट रिमिट्यास आधारित बन्न थालेको छ
- सारा युवा विद्यार्थीहरु बाहिर जाने हाम्रा विश्व विद्यालयहरु खालि हुने खतरा बढ्दैछ
- सारा युवा र श्रमिकहरु वाहिर जाने र हाम्रो मुलुक जेष्ठ नागरिकहरुको आश्रय स्थल बन्दैछ
- ग्रामिण युवाहरु बाहिर जान थाले पछि हाम्रा खेतवारीहरु बाझो पल्टिदै छन
- राष्ट्रियता माथिको खतरा अघि कहिल्यैको भन्दा बढी चर्को बनेको छ ।
- बर्तमान संविधानलाई गठबन्धनले नै कुल्चिन थालेको छ ।
    – कोशीको २ पटकको असंवैधानिक सरकार

१४.अब सबै १० औं राष्ट्रिय महाधिबेशनलाई केन्द्र विन्दु बनाएर आफ्ना सम्पुर्ण प्रचार,संगठन र संघर्षलाई अघि बढाऔं । एउटा शक्तिशाली कम्युनिष्ट पार्टी निर्माण गर्ने संकल्प लिएर अघि बढौं ।

१५. समाजबादले मात्र नेपाल र नेपाली जनताका सम्पुर्ण समस्याहरुलाई समाधान गर्न सक्नेछ ।